# ४ पुरानो करारमा न्याय र दया वा कृपाः भाग २

*<u>यस अध्यायका मूलपदहरू:</u>* इजकिएल ३७:१-१४; एफिसी २:१०; इजकिएल ४७:१-८; मत्ती ५:१६; प्रकाश २२:१,२ र यशैया ६१:१-११।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:</u>* **"त्यो नदी बगेको ठाउँमा थुप्रै जीवित प्राणीहरू बस्नेछन्। त्यहाँ अनगन्ती माछा हुनेछन्, किनभने त्यो पानी त्यहाँ बग्छ र नुनिलो पानीलाई ताजा बनाइदिन्छ। यसैले जहाँ त्यो नदी बग्छ, त्यहाँ जेसुकै पनि बाँच्नेछ।" इजकिएल ४७:९।**

अमेरिकामा एक शहर थियो जहाँ सन् १९५०देखि १९७०को दशकमा बस्नको निम्ति अत्यन्त खराब हुन गएको थियो। धेरै परिवारहरूले घर छोडे। भाडामा बस्ने घरहरू बेबारिसेमा परिणत भए र थोत्रो हुनगए। व्यापारी त्यहाँबाट सरे। त्यो ठाउँ लागु पदार्थ खाने र अपराध गर्नेहरूको अखडा बने।

सन् १९८६मा एक इसाई परिवार आफ्नो रमाइलो घर र असल छिमेकीहरू भएको ठाउँ छोडे र त्यस तिरस्कृत र बिग्रेको शहरमा बस्न आए। एक जना पास्टर अर्को शहरबाट तिनीहरूसँग मिल्न त्यसै शहरमा बस्न आए। तिनीहरू दुवै मिलेर भत्केको र कसैले वास्ता नगरेको दुई घरहरू मरमत गरे। अनि तिनीहरू त्यहाँ सरे। ती दुई परिवारहरू सडकहरूमा गएर बाँकि रहेका मानिसहरूसँग भेटघाट गरे। तिनीहरूसँग घुलमिल गरे। परमेश्वरले ती दुई परिवारहरूलाई प्रयोग गर्नुभयो र त्यस मृतप्राय समाजमा परिवर्तन ल्याए र त्यहाँ बसेका मानिसहरूको बीचमा भएका नराम्रा सम्बन्धहरूलाई सुधार्न तिनीहरू सक्रिए भए। त्यहाँ चर्च पनि संचालित भए। तिनीहरूको काम र प्रभाव आजसम्म पनि कायमै छ। त्यस समाजमा भएका मानिसहरूको जीवनमा तिनीहरूले भारि परिवर्तन ल्याएका थिए।

निराशले होमिएका र बिग्रिएको समाजमा चर्चले गर्नु पर्ने कामको बारेमा परमेश्वरले केही भन्न चाहनुहुन्छ। आफ्ना जनहरूले आफ्नो चरित्रको प्रतिबिम्ब गरुन् भन्ने चाहना परमेश्वरले कसरी व्यक्त गर्नुभएको थियो भनेर यस अध्यायमा पनि पुरानो करारबाट केही पदहरूद्वारा नियाल्नेछौं।

## १. येशू ख्रीष्टमा जीवित हुनु (इजकिएल ३७:१-१४)

**पापको बसमा परेर मरेको अनुभव गरिरहनेहरूलाई परमेश्वरको अनुग्रहले नयाँ जीवन प्रदान गरेर कसरी बिउँताइने रहेछ भनेर इजकिएल ३७मा स्पष्टरूपमा देखाएको पाइन्छ। परमेश्वरको अगमवक्ता इजकिएललाई एक दिन दर्शनमा परमेश्वरको आत्माले एउटा उपत्यकामा लैजानुहुन्छ जहाँ मरेका, सुक्खा र जताततै छरिएका हाडहरू थिए। ती हाडहरूले इस्राएलका घरानाहरूको चित्रण गर्दछ। परमेश्वरले इजकिएललाई सोध्नुहुन्छ, "हे मानव पुत्र, के यी हाड तथा कङ्कालहरू जीवित हुन सक्छ र?" (इजकिएल ३७:३)।**

**जब अगमवक्ताले ती हाडहरूको सामु भविष्यवाणी गर्छन् तब परमेश्वरको त्यो प्रश्नको जवाफ खुल्दछ।**

परमेश्वरले उहाँका जनहरूलाई उहाँले के गर्नुहुनेछ भनेर इजकिएल ३७:१-१४ले कसरी बताउँछ? हेर्नुहोस्: "१ परमप्रभुको हात ममाथि पर्‍यो, अनि उहाँले मलाई परमप्रभुका आत्माद्वारा ल्याउनुभई हाड़ै-हाड़ भएको बेंसीमा राख्नुभयो। २ उहाँले मलाई ती हाड़हरू भरिएको बीचमा तल-माथि लानुभयो, र मैले त्यस बेंसीको जमिनमा थुप्रै हाड़हरू देखें। ती हाड़हरू असाध्य सुकेका थिए। ३ उहाँले मलाई सोध्नुभयो, हे मानिसको छोरो, के यी हाड़हरू फेरि जीवित हुन सक्छन्? मैले जवाफ दिएँ, हे परमप्रभु परमेश्वर, यो त केवल तपाईंले मात्र जान्नुहुन्छ। ४ तब उहाँले मलाई भन्नुभयो, यी हाड़हरूलाई अगमवाणी कहेर भन्, हे सुकेका हाड़ हो, परमप्रभुको वचन सुन! ५ यी हाड़हरूलाई परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः म तिमीहरूमा सास हालिदिनेछु, र तिमीहरू जीवित हुनेछौ। ६ म तिमीहरूमा नसाहरू टाँसिदिनेछु, र तिमीहरूमा मासु बढ़ाइदिन्छु, र छालाले म ढाकिदिनेछु, र तिमीहरूमा सास हालिदिनेछु, र तिमीहरू जीवित हुनेछौ। तब तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ। ७ यसैले उहाँले आज्ञा गर्नुभएझैं मैले अगमवाणी कहें। जब मैले अगमवाणी कहँदैथिए, तब त्यहाँ कर्‍याककुरुक आवाज भयो, र ती हाड़हरू एक-अर्कोसित जोड़िन लागे। ८ अनि मैले हेर्दाहेर्दै तिनमा नसा र मासु भरिए र ती छालाले ढाकिए, तर तिनमा सासचाहिँ थिएन। ९ तब उहाँले मलाई भन्नुभयो, हे मानिसको छोरो, सासलाई अगमवाणी गर्। अगमवाणी गर्, र त्यसलाई भन्, परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः हे सास, चारै दिशाबाट आइज, र यी मारिएकाहरूमाथि फुकिदे, र ती जीवित भएर उठून्। १० तब उहाँले आज्ञा गर्नुभएझैं मैले अगमवाणी कहन लागें, र सास तिनमा पस्यो। तिनीहरू जीवित

भएर आ-आफ्ना खुट्टामा उभिए, र त्यहाँ एक अत्यन्तै ठूलो सेना भयो। ११ तब उहाँले मलाई भन्नुभयो, हे मानिसको छोरो, यी हाड़हरू जम्मै इस्राएलको घराना हो। तिनीहरू भन्छन्, हाम्रा हाड़हरू सुकिसके, र आशा नै हरायो। हामी त्यागियौं। १२ यसकारण अगमवाणी बोलेर तिनीहरूलाई भन्: परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः हे मेरा प्रजा, म तिमीहरूका चिहानहरू खोलेर तीबाट तिमीहरूलाई बाहिर निकाल्नेछु। म तिमीहरूलाई इस्राएलका देशमा फेरि ल्याउनेछु। १३ तब हे मेरा प्रजा, जब म तिमीहरूका चिहानहरू खोलेर तीबाट तिमीहरूलाई बाहिर निकालेर ल्याउनेछु, तब तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ। १४ म मेरो आत्मा तिमीहरूमा हालिदिनेछु र तिमीहरू बाँच्नेछौ। म तिमीहरूलाई तिमीहरूको आफ्नै देशमा बसाल्नेछु। तब तिमीहरूले यो जान्नेछौ, कि म परमप्रभुले नै यो भनेको हुँ, र मैले नै यो गरेको हुँ, परमप्रभु भन्नुहुन्छ।

सुक्खा हाडहरूको सामु अगमवक्ताले परमेश्वरको सन्देश सुनाउँदा त्यसको नतिजा यी भएः (१) तिनीहरू जिवित भए र जराकजुरुक उठे। अनि तिनीहरू ठूलो पल्टन भएर खडा भए (इजकिएल ३७:१० रूपान्तरित); (२) परमेश्वरले आफ्ना जनहरूलाई तिनीहरूकै भूमीमा ल्याएर बसोबास गरिदिनुहुनेछ (इजकिएल ३७:१४; र (३) ती सबै काम सम्पन्न गर्ने परमेश्वर नै हुनुहुन्छ भनेर मानिसहरूले जान्नेछन् (इजकिएल ३७:१४)।

तर जीवित भएर मात्र पुग्दैन। परमेश्वरका जनहरू कुनै निश्चित लक्ष्यको निम्ति, कुनै उद्देष्यको निम्ति जीवित पारिन्छ। परमेश्वरका जन इस्राएलीहरू सारा संसारका राष्ट्रहरूको निम्ति ज्योति बन्न जीवित पारिएका थिए।

एफिसी २:१०मा हामीहरू आत्मिक रूपमा जीवित पारिएर ख्रीष्टको निम्ति पुनर्जीवित किन पारिएका हुन् भनेर यसरी व्यक्त गर्दछः "किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी ती बमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।"

"उहाँका प्रिय पुत्रद्वारामात्रै परमेश्वरले हामीहरूलाई गर्नुभएको ग्रहण सुनिश्चित छ। यदि हामीले कुनै असल काम गर्छौं भने त्यो उहाँको पाप क्षमा गर्ने प्रेमिलो स्वभावले हामीमा काम गरिरहेको कारणले मात्र हो। त्यसकारण हामीले कुनै असल काम गर्‍यौं भने त्यसको हामीले फाइँफुट्टी लाउने जरुरी

छैन। हामीले गर्ने कुनै पनि असल काम वा परोपकारी कामको निम्ति हामी योग्य छैनौं। असल काम वा सुकर्म गरेर हामीले मुक्तिको केही भाग आर्जन गऱ्यौं भन्ने हामी दावी गर्न सक्दैनौं। मुक्ति भनेको उहाँका भक्त वा विश्वासीहरूलाई सित्तैंमा दिइने बरदान हो। ख्रीष्टको निम्तिमात्र त्यो बरदान उहाँका भक्तहरूलाई दिइन्छ। जो आत्मामा बेचैन भएको छ त्यसले ख्रीष्टद्वारा शान्ति पाउन सक्छ। उसको विश्वास र परमेश्वरमाथि गरेको भरोसाको आधारमा उसले शान्तिको अनुभव गर्न सक्छ। कसैले पनि असल काम वा सुकर्म गरेर आफ्नो मुक्ति कमाउन सक्दैन।...

"त्यसको अर्थ के हामीहरूको असल काम वा सुकर्मको औचित्य केही छैन त? कुनै पनि सजायँ नदिइकन दिनदिनै पाप गर्ने मानिसप्रतिको धारणा परमेश्वरको कस्तो हुन्छ होला? जो मानिस ख्रीष्टमाथि आस्था राखेर शुद्ध र धर्मी जीवन बिताउन प्रयास गर्ने उहाँका भक्त र ख्रीष्ट मेरो निम्ति मर्नुभयो त्यसकारण मैले जति पाप गरेपनि त्यसको मतलब छैन भन्ने व्यक्तिलाई के परमेश्वरले बराबरी गरेर हेर्नुहुन्छ? बाइबलले जवाफ दिन्छः 'परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो। हामी येशू ख्रीष्टको साथमा रहन र उहाँको हुन उहाँले हामीलाई सृष्टि गरिएको हो। अब हामीले असल वा धर्मी काम गर्न सक्छौं। धेरै समय अघि परमेश्वरले हामीलाई त्यही काम गर्न हामीलाई तयार पार्नुभएको हो भनेर एफिसी २:१०ले खुलासा गरिएको छ।

"हामीहरूको असल काम वा धर्मी कामको इनाम दिन परमेश्वरले आफ्नो कृपा अनुसार योजना बनाउनुभएको थियो। ख्रीष्टको आफ्नै सदाशयता र कृपाद्वारा परमेश्वरले हामीलाई ग्रहण गर्नुहुन्छ। जुन् करुणामय काम वा कृपालु काम हामी गर्छौं, जुन् निस्वार्थी हृदय र प्रेमले अभिप्रेरित भएर हामी काम गर्छौं ती सबै ख्रीष्टमाथि हामीहरूले राखेको आस्थाको फल वा नतिजाहरू हुन्।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक ३, पृ. १९९,२००बाट रूपान्तरित।

## २. सलल बगेको नदि (इजकिएल ४७:१-८)

जुन दर्शन इजकिएलले देखे त्यसले मन्दिरमा के भइरहेको थियो? हेर्नुहोस् इजकिएल ४७:१-८: "१ तब ती मानिसले मलाई फर्काएर मन्दिरको प्रवेशद्वारमा ल्याए,र मैले मन्दिरको सँघारको मुन्तिर पानी आइरहेको र पूर्वतिर बगिरहेको देखें (किनभने मन्दिर पूर्वतिर फर्केको थियो)। पानी मन्दिरको

दक्षिणबाट, वेदीको दक्षिणपट्टिबाट बगिरहेको थियो। २ तब तिनले मलाई उत्तरको मूल ढोका भएर बाहिर ल्याए, र पूर्वतिर फर्केको बाहिरी ढोकामा घुमाएर ल्याए, र पानीचाहिँ दक्षिणतिरबाट बगिरहेको थियो। ३ जब ती मानिस एउटा नाप्ने टाँगो हातमा लिएर पूर्वतिर गए, तब तिनले एक हजार हात नापे, र गोलीगाँठासम्म गहिरो पानीबाट मलाई हिँड्न लगाए। ४ तिनले अरू एक हजार हात नापे र मलाई घुँडासम्मको पानीबाट हिँड्न लगाए। तिनले अरू एक हजार हात नापे र मलाई कम्मरसम्मको पानीबाट हिँड्न लगाए। ५ तब तिनले अरू एक हजार हात नापे, तर अब त्यो तर्न नसकिने नदी भयो, किनभने पानी बढ़ेको थियो, र त्यो पौड्न सक्ने गहिरो भएको थियो । वारपार गर्न नसकिने त्यो एउटा नदी भएको थियो। ६ तिनले मलाई सोधे, ए मानिसको छोरो, तिमी यो के देख्दैछौ?। तब तिनले मलाई फेरि त्यस नदीको किनारमा लगे। ७ जब म त्यहाँ आइपुगें, तब मैले नदीका दुवैतिर धेरै रूखहरू देखें। ८ तिनले मलाई भने, यो पानी पूर्वको इलाकातिर बग्छ, र त्यहाँदेखि तल अराबामा जान्छ, जहाँ त्यो खारा समुद्रमा पस्छ। जब त्यो खारा समुद्रमा रित्तिन्छ, तब त्यहाँको पानी ताजा बनिन्छ।"

झट्ट हेर्दा त्यो मन्दिर त चुहीरहेको पो देखिन्छ। के त्यहाँ भएका पानीका पाइपहरू फुटे त? तर त्यस परिस्थितिमा पाइप चुहे पनि असलैको निम्ति चुहेको थियो।

जुन पानी मन्दिरबाट चुहेको थियो त्यो पूर्वपट्टि चुही रहेको थियो। यरुशलेम शहरको पूर्वपट्टी नुनिलो सागर छ जसलाई डेड सी वा मृत सागर भनिन्छ। त्यो सागर यस पृथ्वीको सबभन्दा गहिरो भागमा भएको पानीको थुप्रो थियो। मृत सागर र यरुशलेमको बीचमा करिब ३४ किलोमिटर वा २१ माइलको दुरी छ जहाँ प्रायजसो मरुभूमि र मरुभूमि नै छ। त्यो भूमिमा आराबाह पनि समावेश भएको छ जुन् कि यर्दन र मृत सागरको बीचमा भएको गहिरो क्षेत्र हो। त्यो मृत सागर यस्तो नुनिलो छ कि कुनै पनि जीवहरू बस्न सक्दैनन्।

तर जब मन्दिरबाट बगेको पानी त्यहाँ पुग्छ तब त्यो मृत सागर सफा हुन्छ। त्यो सफा वा शुद्ध पार्ने कामले परमेश्वरको चर्च वा मन्दिरले गर्ने कामको चित्रण गर्दछ। त्यसले सारा संसारको दुःखलाई निको पार्ने कामलाई जनाउँछ (१ पत्रुस २:४,५)। जो मानिसहरू पापमा मरिरहेका छन्

तिनीहरूलाई चङ्गाई गर्न चर्चले विभिन्न माध्यमहरूबाट सफा गर्ने, स्वस्थ बनाउने र निको पार्ने काम गर्दछ।

यस संसारमा हामीहरू परमेश्वरको स्वभावलाई कसरी प्रतिनिधित्व गर्ने भनेर मत्ती ५:१६ले कसरी बताउँछ? हेर्नुहोस्: "यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।"

अफ्रिका महादेशमा जाम्बिया भन्ने देश छ। त्यहाँ जाम्बेसी नदी छ जुन् कि एउटा रुखको दलदले हिलोमुनि रहेको पानीको नालाबाट सुरू हुन्छ। जब त्यो नदी प्रख्यात भिक्टोरिया झर्नातिर वहन्छ तब त्यो नाला घोडासम्म आउने गहिरोबाट घुँडासम्म सम्म हुन्छ, अनि कम्मरसम्म डुब्ने र अनि ठूलो नदी भएर पौडी खेल्न सक्ने सम्म गहिरो हुन्छ। त्यसै गरि मन्दिरमा बग्ने नदी सानोबाट सुरू हुन्छ। अनि त्यो बढ्दै जान्छ, बेगले बग्छ, शक्तिशाली नदी हुन्छ र यस्तरी गहिरो हुन्छ कि त्यसलाई कसैले पनि पौडि खेलेर तर्न सकिँदैन (इजकिएल ४७:५ रूपान्तरित)।

समाजमा तपाईंको चर्चको चङ्गाई गर्ने काम सानोबाट सुरू हुनसक्छ। तर त्यो तपाईंको समाजलाई परिवर्तन गर्ने खालको भएर बढ्न सक्छ। "सुरूमा हामीहरूको काम सानो, अत्यन्त सानो खोलो भएको मलाई देखाइएको छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ७, पृ. १७१बाट रूपान्तरित।

**अरू मानिसहरूलाई हामीले कसरी सहयोग गर्न सक्छौं भनेर ज्योति र पानीको प्रतिकलाई प्रयोग गरेर परमेश्वरले हामीलाई सिकाउनु भएको थियो। आवश्यक परेकाहरूको सेवा अझ राम्रोसँग गर्न हामी अझ कसरी बढ्ने?**

## ३. चर्च वा मण्डलीः मानिसलाई जीवित बनाउने थलो (इजकिएल ४७:९)

"जहाँ पानीको नदि बहन्छ त्यहाँ ठूलो संख्यामा जीवहरू रहनेछन्। त्यहाँ ठूलो संख्यामा माछाहरू हुनेछन्...." (इजकिएल ४७:८ रूपान्तरित)।

जहाँ परमेश्वरको चर्चबाट नदी वहन्छ त्यहाँ जीवन हुन्छ भनेर इजकिएलले आफूले देखेका दर्शनद्वारा भविष्यवाणी गरेका थिए। इजकिएल ४७:१०मा त झन गजबको कुरा थपिएको पाइन्छ। त्यहाँ त्यस पानीको ताल उल्लेख गरिएको छ जहाँ कुनै माछा थिएन किनभने त्यहाँ कुनै जीवातहरू रहन सक्दैन थिए। तर जब मन्दिरबाट पानी त्यहाँ बहन्छ तब अचानक

माछाहरू त्यहाँ हुन्छन् र मछुवाहरूले त्यसको किनारामा रहेर आफ्ना जालहरू त्यहाँ फैंक्दछन् र माछाहरू पक्रिरहेको हुन्छन्। यो कस्तो गजबको दृष्य हो!

निचोडमा त्यसको अर्थ यो होः आफ्ना जनहरूद्वारा परमेश्वरको शक्तिले यस्तो काम गरिरहनुभएको देखाउँछ कि जहाँ जीवन थिएन अब त्यहाँ सबै थोक जीवित भयो।

"जहाँ परमेश्वरले काम गर्नुहुन्छ त्यहाँ निराशमय परिस्थिति भन्ने हुँदैन। संसारमा कुनै समूहका मानिसहरू छैन जसले मुक्ति पाउन सक्दैन। यदि परमेश्वरसँग हामी सक्रिय भएर काम गऱ्यौं भने कुनै पनि इतिहासको पानाले हामीहरूप्रति नाराज भएर हामीहरूले गर्दा नै निराशमय भविष्य भयो भनेर हामीलाई सराप्ने छैन।"- द इन्टर्प्रेटरस् बाइबल (नाशभिलः आबिन्डन प्रेरस, १९५६), ठेली ६, पृ. ३२८बाट रूपान्तरित।

जसले ग्रहण गर्छ त्यसको जीवनमा परमेश्वरको अचम्मको अनुग्रहले अचम्मका कामहरू गर्दछ। त्यहाँ पनि हामीसँग सुसमाचारको सन्देश पाइन्छ। हामीहरूद्वारा नै निराशभएकाहरू, भौंतारिएका जीवन बिताउनेहरू, दबिएकाहरू, जीवन मरुभूमिमा परिणत भएकाहरू र आत्मिक तथा शारीरिकरूपमा जिउँदै मरिरहेका अनुभव गर्नेहरूलाई परमेश्वरले आशाको किरण बहाउनु हुन्छ।

इजकिएल ४७:१२सँग प्रकाश २२:१,२ तुलना गर्नुहोस्। ती पदहरूले ती मानिसहरूको निम्ति के महान् तथा गौरवमय भविष्यको बारेमा बयान गरिएको छ, जो की आफ्नो चर्चद्वारा ख्रीष्टले निको पारेर नयाँ जीवनको प्रत्याभूति पाइरहेको हुन्छ? इजकिएल ४७:१२ "नदीका दुवै किनारमा अनेक किसिमका फलफूलका रूखहरू उम्रनेछन्। तिनीहरूका पात ओइलाउनेछैनन्। तिनीहरूका फलहरू कहिल्यै शेष हुनेछैनन्। तिनीहरूले हरेक महिना नै फल दिनेछन्, किनभने पवित्रस्थानदेखि तिनीहरूमा पानी बग्छ। तिनीहरूका फल खानाको निम्ति र तिनीहरूका पातचाहिँ आरोग्यको लागि हुनेछन्।" र प्रकाश २२:१,२ "१ तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की २ त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए।"

परमेश्वरका जनहरूमा ती समाजका मानिसहरू समावेश भएका हुन्छन् जसलाई चर्चका सदस्यहरूको निस्वार्थी भावनाले काम गर्दा दुःखका

घाऊहरू निको पारेका थिए र नयाँ जीवन प्रदान गरेर जिवित बनाएका थिए। कुनै दिन ती मानिसहरू नयाँ पृथ्वीमा जम्मा हुनेछन् जहाँ अर्को नदी बहनेछ। त्यो नदी परमेश्वरकै सिहाँसनबाट बगेको हुन्छ। त्यहाँ मरुभूमि, सुक्खा र मृत्यु हुनेछैन।

त्यो महान् गौरबमय र आशिषमय भविष्य आउनको निम्ति पर्खेर बस्नै पर्छ। तर जब हामी त्यस पर्खाइको तरखरमा रहन्छौं तब परमेश्वरले उहाँका चर्चहरूलाई त्यस समाजमा घुलमिल गरिरहेको चाहनुहुन्छ जहाँ तिनीहरूले मानिसहरूको घाऊचोटहरूलाई निको पार्छन् र पूर्ण रूपमा नयाँ जीवन दिन्छन्। हामी जहाँ जहाँ छौं त्यहाँ मानिसहरू छन् जो मरुभूमिको अनुभव गरिरहेका, जीवनको अर्थ नबुझेका र मृत सागर जस्तो गरि जिइरहेका हुन्छन्। परमेश्वरले ती मानिसहरूको हृदय परिवर्तन गरि उहाँतिर फर्काउन र नयाँ जीवन दिन हामीहरूद्वारा काम गर्न चाहनुहुन्छ। उहाँले येशूद्वारा मानिसहरूलाई प्रसस्त जीवन दिन चाहनुहुन्छ (यूहन्ना १०:१०)। जब हामी एडभेन्टिस्ट भएर आत्मिक, शारीरिक र मानसिक स्वस्थ जीवन बिताउने सत्यलाई अङ्गाल्छौं र अरू मानिसहरूले हामीहरूको जीवनशैलीप्रति लालयित भएर अनुसरण गर्ने चाहनालाई उत्साह दिन्छौं तब हामीहरूबाट नै मानिसहरूलाई परिवर्तन ल्याउने योजनामा परमेश्वर सक्रिय हुनुहुनेछ।

**अगमबक्ता आमोसले पनि इजकिएल ४७को जस्तै चित्रण गरेका छन्। हेर्नुहोस् "तर न्यायचाहिँ नदीझैं र धार्मिकता कहिले नसुक्ने खोलाझैं बगिरहोस्!" आमोस ५:२४। तपाईंको समाजले तपाईंको चर्चले त्यो कामना कसरी पूरा गरिरहेको छ? तपाईंको समाजमा तपाईंको चर्चले निको पार्ने नदी बगाएर कस्तो सकारात्मक प्रभाव पारिहेको छ?**

## ४. प्रशन्नताका प्रतिज्ञाहरू (यशैया ६१:१-११)

**जो मानिसहरू अर्थपूर्ण जीवन बिताइरहेका छन् र आत्मिक रूपमा आशिषको अनुभवमा सफलताको प्रत्याभूति पाइरहेका छन्, तिनीहरूले आफूमा भएका ती आशिषहरू आफूभित्रमात्र गुम्स्याई नराखी आफू भन्दा कम आशिष पाएकाहरूलाई बाँड्न अत्यन्त उत्सुक हुन्छन् भन्ने धारणाले पुरानो करार भरिएको छ।**

उहाँका जनहरू हामी हौं भनेर दावी गर्नेहरूलाई परमेश्वरले के भनिरहनुभएको छ सो यशैया ६१:१-११मा पढ्नुहोस। साथै येशूका भक्तहरू

हौं भनेर हामी दावी गर्नेहरूले पनि ती वचन हामीले कसरी आत्मसात् राख्न सक्छौं र अरूलाई पनि त्यो अनुभव दिन सक्छौं? सो लूका ४:१८मा पनि हेर्नुहोस्। पहिला यशैया ६१:१-११ "६ अनि तिमीहरू परमप्रभुका पूजाहारी भनिनेछौ, तिमीहरूलाई हाम्रा परमेश्वरका सेवक नाउँ दिइनेछ। तिमीहरूले जाति-जातिहरूका धन-सम्पत्ति खानेछौ, र उनीहरूकै धनमा तिमीहरूले गर्व गर्नेछौ। ७ तिनीहरूका शर्मको सट्टा मेरा प्रजाले दोबर पाउनेछन्, र अनादरको सट्टा तिनीहरू आफ्ना उत्तराधिकारमा रमाउनेछन्। यसैकारण तिनीहरू आफ्नै देशका दोबर भागका हकदार हुनेछन्, र अनन्तको आनन्द तिनीहरूका निम्ति हुनेछ।

८ किनभने म, परमप्रभुचाहिँ, न्यायलाई प्रेम गर्दछु, डकैत र अधर्म मलाई घृणा लाग्छ। म आफ्नो विश्‍वसनीयतामा तिनीहरूलाई इनाम दिनेछु, र म तिनीहरूसित सदाको करार बाँध्नेछु। ९ तिनीहरूका सन्तान जाति-जातिहरूका बीचमा र तिनीहरूका बालबच्चाहरू मानिसहरूका बीचमा चिनिनेछन्। तिनीहरूलाई देख्ने सबैले ती परमप्रभुबाट आशिष् पाएका सन्तान हुन् भनी स्वीकार गर्नेछन्। १० म परमप्रभुमा साह्रै आनन्दित हुन्छु। मेरो प्राणले मेरा परमेश्वरमा आनन्द मनाउँनेछ। किनकि उहाँले मलाई उद्धारको पोशाक लगाइदिनुभएको छ, र उहाँले मलाई धार्मिकताको वस्त्रले ढाक्नुभएको छ जसरी दुलहाले आफ्नो शिर पूजाहारीले सिँगारेझैं सिँगार्छन्, र दुलहीले आफैलाई रत्नहरूले आभूषित गर्छिन्। ११ किनकि जसरी भूमिले आफ्नो बिरुवा उमार्छ, र जसरी बगैंचाले बीउहरू उमार्छ, त्यसरी नै परमप्रभु परमेश्वरले धार्मिकता र प्रशंसा सारा जातिहरूका सामुन्ने उत्पत्ति गर्नुहुनेछ।" र लूका ४:१८ "१८ परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति,।

यशैया ६१ एउटा घोषणा गरेर त्यस अध्याय सुरू हुन्छ। अभिषेक गर्नुभएको व्यक्तिद्वारा (येशू) परमेश्वरको आत्माले काम गर्नुहुन्छ भनेर भनिएको छ। पवित्र आत्माको सहयोगले येशूले गरिबहरूलाई सुसमाचार सुनाउनुहुन्छ। मन टुटिएकाहरू र निराश भएकाहरूलाई उहाँले उत्साह दिनुहुन्छ। पापको दासत्वमा रहेकाहरूलाई उहाँले स्वतन्त्रताको समाचार सुनाउनुहुन्छ। निराश र अन्धकारका कैदीहरूलाई उहाँले फुत्काउनु हुन्छ

(यशैया ६१:१)। परमेश्वरले मनपराउनुभएको वर्षमा ती प्रतिज्ञाहरू पूरा हुनेछ भनिएको छ। त्यसको अर्थ प्रसन्नताको वर्ष पनि हो। त्यो हामीले अध्याय ३मा सिक्यौं। प्रसन्नताको वर्षमा गरिब तथा आवश्यक परेकाहरूको सेवा गरेको हुन्छ। त्यसकारण शोक गर्नेहरूले सान्त्वना पाउँछन्। इस्राएलमा शोकले विह्वल भएकाहरूको हेरचाहा गरिने हुन्छ। खरानीको सट्टा ती मानिसहरूले तिनीहरूको शिरमा सुन्दर मुकुटहरू पाउनेछन् र दुःखको सट्टामा तिनीहरूले खुशी पार्ने तेल पाउनेछन्। दिक्कको सुस्केराको सट्टामा तिनीहरूले प्रशंसाका आवाजहरू उठाउनेछन् (यशैया ६१:३ रूपान्तरित)। धेरै समयसम्म भग्नावशेष वा क्षतबिक्षत भएका पुरानो स्थानहरूको पुननिर्माण गर्ने तिनीहरू नै हुनेछन्। जो मसीहको प्रसन्नताको आशिषले भरिपूर भएका छन् तिनीहरूले समाजमा परिवर्तन ल्याउनेछन्। बिग्रेर वेवारिसमा परेका शहरहरूलाई तिनीहरूले पुनर्जीवित पार्नेछन् (यशैया ६१:४)। परमेश्वरका जनहरूलाई सेवक अर्थात् येशूका सहकर्मीहरू भनेर कहलाइनेछन् र वरिवरिका राष्ट्रहरूका स्रोतहरूको धनले तिनीहरूलाई सम्हाल्नेछन् (यशैया ६१:५,६)।

इस्राएलको नजिक रहेका मानिसहरूलाई परमेश्वरको अभिषेक भएकाले कसरी परिवर्तन ल्याउने छन् भन्ने उदाहरणहरू यशैया ६१ले देखाउँछ। परमेश्वरमा बफादारी रहने परमेश्वरका जनहरूको कामले ती समूहहरूलाई परिवर्तन गरेको हुन्छ (यशैया ६१:८,९)। संसारभरि जतातत्तै विभिन्न निकायहरूमा परमेश्वरका सेवक भएर सेवा गर्नेहरू, सुसमाचार प्रचारक तथा मिसिनेरी भएर जानेहरूमार्फत त्यही काम गर्न परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ। त्यो भविष्यवाणीको प्रभावमा हामी पनि नपरि के हामीहरूरहेको समाजमा परिवर्तन नल्याउने त? के परमेश्वरको आशिष हामीमा प्रसस्तमात्रामा खनिएको छ भनेर अनुभव नगर्ने त? समाजको सामु प्रभुको धार्मिकताको पोशाक र मुक्तिको पोशाक लगाएर बस्दा तिनीहरूबाट हामीले पाउने आशिषको अनुभव नगर्ने त (यशैया ६१:१०,११))?

**यशैया ६१:९मा लेखिएको छ "तिनीहरूका सन्तान जाति-जातिहरूका बीचमा र तिनीहरूका बालबच्चाहरू मानिसहरूका बीचमा चिनिनेछन्। तिनीहरूलाई देख्ने सबैले ती परमप्रभुबाट आशिष् पाएका सन्तान हुन् । भनी स्वीकार गर्नेछन्।" परमेश्वरले आफ्ना जनहरूलाई के गर्न सक्नुहुन्छ भन्ने अत्यन्त शक्तिशाली प्रमाण त्यस पदले दिएको छ।** के हामीले पनि त्यही अनुभव पाइरहेका छौं? छैन भने किन?

## ५. समाजमा परिवर्तन ल्याउने साधनः चर्च (मीका ६)

परमेश्वरले मीका ६मा के दुखेसो पोखाइरहनुभएको छ? हेर्नुहोस्: "१ परमप्रभु जे भन्नुहुन्छ, सो तिमीहरू ध्यानसित सुनः खड़ा होओ, र पर्वतहरूका सामु तिमीहरूको उजूर पेश गर, र तिमीहरू के भन्छौ डाँड़ाहरूले सुनून्। २ हे पर्वत हो, हे पृथ्वीका अनन्त जग हो, परमप्रभुको आरोप ध्यानसित सुन। किनकि आफ्नो प्रजासित उहाँको गुनासो छ, उहाँले इस्राएलमाथि एक अपराधको दोष लाउँदैहुनुहुन्छ। ३ हे मेरा प्रजा, मैले तिमीहरूलाई के गरें? मैले कसरी तिमीहरूलाई बोझ बोकाएको छु र? मलाई जवाफ देओ। ४ मैले त तिमीहरूलाई मिश्रदेशदेखि माथि ल्याएँ र तिमीहरूलाई दासत्वको देशबाट मोल तिरेर छुटाएँ। तिमीहरूका अगुवा हुनलाई मोशा, हारून र मिरियमलाई पनि मैले पठाएँ। ५ हे मेरा प्रजा, मोआबको राजा बालाकले के सल्लाह गरेको थियो, र बओरको छोरो बालामले त्यसलाई के जवाफ दियो, त्यो स्मरण गर। शित्तीमदेखि गिलगालसम्मैको यात्रालाई सम्झ, ताकि तिमीहरूले परमप्रभुका धार्मिक कामहरूलाई जान्न सक। ६ के लिएर म परमप्रभुको सामु आऊँ, र उच्च भएका परमेश्वरको सामु निहुरूँ? के एक वर्षे बाछ्राहरू लिएर होमबलि चढ़ाउनलाई म उहाँको सामु आऊँ? ७ के परमप्रभु हजारौं भेड़ाहरू र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र? के म आफ्नो अपराधको लागि मेरो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढ़ाऊँ? ८ ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिंड्नू। ९ ध्यानसित सुन, सहरलाई परमप्रभु बोलाउँदैहुनुहुन्छ तपाईंका नाउँको भय मान्नु ज्ञान हो लाठो र त्यसलाई नियुक्त गर्नेको कुरामा ध्यान देओ। १० हे दुष्ट घराना हो, के तिमीले अधर्मसित प्राप्त गरेको धन-सम्पत्ति र सरापिएको तिम्रो बेईमान तौल म बिर्सूं? ११ के कपटको तराजू र छलका ढकको थैलो राख्नेलाई म निर्दोष तुल्याऊँ? १२ त्यसका धनी मानिसहरू उपद्रवले भरिएका छन्। त्यसका मानिसहरू झूट बोल्छन् र तिनीहरूका जिब्राहरूले छलका कुरा बोल्छन्। १३ यसकारण मैले तिम्रा पापहरूको कारण तिमीलाई नाश गर्न थालेको छु। १४ तिमी खान त खान्छौ, तर अघाउँदैनौ, र तिम्रो पेट अझै भोकै रहनेछ। तिमीले सञ्चय त गर्छौ तर जोगाउँदैनौ, किनभने जे जोगाउँछौ त्यो म तरवारलाई दिइहाल्नेछु। १५ तिमीले

रोप्न त रोप्छौ तर कटनी गर्नेछैनौ। तिमीले जैतूनको तेल निकाल्न त निकाल्छौ तर आफ्नो जीउमा लगाउन पाउनेछैनौ। दाख पेल्न त पेल्छौ, तर दाखमद्य पिउन पाउनेछैनौ। १६ तिमीले ओम्रीका कानूनहरू र आहाबको घरानाका सारा काम पालन गरेका छौ, र तिमी तिनीहरूका परम्पराको पछि लागेको छौ। यसकारण म तिमीलाई नाश गर्नेछु, र तिम्रा मानिसहरूलाई खिसीको पात्र तुल्याउनेछु। तिमीले जाति-जातिहरूको गिल्ला सहनुपर्नेछ।"

धर्मको नाउँमा अन्याय र अत्याचार गर्नेहरू वा धर्मको खोल चाहीं लगाउने तर अन्याय र कृपाको अभावमा संतुष्ट भएर बस्ने मानिसहरूलाई चेतावनी दिने पुरानो करारका अगमवक्ताहरूसँग मीका पनि मिल्न गएका थिए। कृपालु र न्यायी परमेश्वरको सामु त्यस्तो धर्मसँग कदापी र कहिले पनि सरोकार राख्नुहुन्न भनेर बाइबलले स्पष्ट पारेको छ (धर्मको नाउँमा अतिवादी भएर अरूलाई थिचोमिचो गर्ने प्रवृत्ति परमेश्वरको सामु अमान्य भएको बाइबलको मर्म छ-अनुवादकको टिप्पणी)।

धर्म भन्दा मानिसप्रतिको उचित व्यवहार उच्च आदर्शको ठान्ने परमेश्वरको निम्ति मीका ६:८मा के सन्देश छ? हेर्नुहोस् "ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू।"

सही धर्म उपयोगी हुन्छ। त्यसमा चर्चले गर्नुपर्ने सेवाकार्यहरू पनि समावेश हुनुपर्छ नै। तर उपवास बस्नु भन्दा पनि गरिबहरूलाई खाना बाँड्नु अत्यन्त महत्त्वपूर्ण मान्नुपर्छ। उपयोगीमुलक धार्मिकतामात्र परमेश्वरको न्यायको आशनमा ग्रहण योग्य हुन्छ।"-एसडिए बाइबल कमेन्टरी, ठेली ४, पृ. ३०६बाट रूपान्तरित।

आफूले प्रचार गरेको वा विश्वास गरेको धर्म वा आस्था अनुसार नचल्ने कुनै पनि धर्म परमेश्वरको सामु स्वीकारयुक्त छैन। सही धर्म भनेको के हो भन्ने त्यसको परिभाषा मीका ६:८मा गरेको छ। हामी धर्म गरेर अरूको सामु धर्मात्माको खोल ओढेर देखाउनु हामीहरूको लक्ष्य होइन। बरू हामीहरूको धार्मिक कार्यले हामीहरूमा ख्रीष्ट रहनुभएको छ भन्ने उच्च आदर्शलाई प्रतिबिम्ब गराउन सहयोग गर्दछ।

अत्यन्त नाजुक अवस्थामा रहेको समूदायमा तिनीहरूको आवश्यकताको सेवा गर्न दुई परिवारहरू त्यहाँ सरेका थिए भनेर हामीले् यस

अध्यायको सुरूमा चर्चा गरेका थियौं। तिनीहरूले त्यस शहरमा बसोबास गरेर पहिले केही साथीहरू बनाए। छर छिमेकीहरूसँग घुलमिल गरे। अनि आफूहरूको बैठकमा केही नयाँ छिमेकी साथीहरूलाई बोलाएर सानो सरोकार झुण्ड खडा गरे। त्यस शहरलाई फेरि पुनर्जीवन ल्याउन के गर्नुपर्छ भनेर देखाउन परमेश्वरसँग दिल खोलेर तिनीहरूले प्रार्थना गरे। ती झुण्ड अलि अलि गरेर ठूलो हुन्दै गएको थियो। तिनीहरू अरू इसाई सेवामूलक संस्थाहरूसँग मिले। तिनीहरूको सामु रहेका बिग्रेका घरहरूलाई पुननिर्माण गर्न तिनीहरूले स्वयँ सेवकहरू जम्मा गरे।

यदि तपाईं त्यस शहरमा जानुभयो भने त्यहाँ पहिलेको भन्दा अत्यन्त सफल र जुझारु नयाँ समूदाय भएको पाउनु हुन्छ। त्यो सफलता त्यस समाजमा किन भयो भन्दा एउटा सानो चर्चका विश्वासीहरूले आफ्नो जीवनबाट येशूको प्रेम उपयोगी तथा व्यवाहारिक तरिकाले देखाउन चाहेका थिए। सेवा गर्ने भावनाले अभिप्रेरित हुँदा तिनीहरूको समाजमा परिवर्तन आएको थियो। आफ्ना जनहरूबाट अरू मानिसहरूकहाँ पुग्न र सेवा गर्न ख्रीष्टले कसरी काम गर्नुहुन्छ भनेर तिनीहरूको कामले देखाएको थियो। तिनीहरूले आफ्नो विश्वासलाई आफूभित्रै राखेनन् बरू त्यसलाई उपयोग गरेर अत्यन्त प्रभावकारी रूपमा देखाएका थिए।

**एउटा सानो समूहद्वारा परमेश्वरले आफ्ना जनहरूलाई बोलिरहनुभएको थियो। तर पद ८मा "तिमी" भनेर सम्बोधन गरिएको छ। त्यसको अर्थ कुनै जात वा व्यक्ति विशेषलाई नभएर तपाईं हामी प्रत्येकलाई बोलिरहनुभएको छ। तपाईं एक व्यक्ति भएर तपाईंले जे गर्नुहुन्छ सो असल छ भनेर परमेश्वरले तपाईंलाई कसरी सम्बोधन गर्न दिनुहुन्छ?**

## उपसंहारः

थप जानकारीः यर्मिया २२:१-१६, इजकिएल १६ः इजकिएल १६:४९, जकरिया ७:९,१० पढ्नुहोस्। द एसडिए बाइबल कमेन्टरी, ठेली ४को पृ. ११६५,११६६को एलेन जी ह्वाइटद्वारा लिखित टिप्पणी पढ्नुहोस् र उहाँद्वारा नै लिखित टेस्टिमोनिज फर द चर्च, ठेली ६को पृ. २२७,२२८मा लिखित "गडस् डिजाइन इन आओर सानिटोरियम" पढ्नुहोस्।

**" ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई**

प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू।" (मीका ६:८ रूपान्तरित)। उहाँका भक्तहरू हौं, उहाँका उपासकहरू हौं भनेर दावी गर्नेहरूलाई परमेश्वरले गर्नुभएको सम्बोधन त्यो भन्दा अरू स्पष्ट के होला? जे कुरा असल छ त्यो हामीलाई परमेश्वरले देखाउनुभएको छ। सृष्टिमा पाप आउनुभन्दा अगाडि उत्पत्ति १मा परमेश्वरले प्रयोग गर्नुभएको "असल" शब्द त्यही थियो जुन् मीका ६:८मा पनि प्रयोग गरिएको छ। त्यसकारण जुन् आदर्श परमेश्वरले सृष्टिमा खडा गर्नुभएको थियो त्यही आदर्शमा हामी पनि फर्कौं भन्ने परमेश्वरको योजना भएको हामीले बुझ्नु पर्छ। फेरि त्यसैबखत जब येशू फर्केर आउनुहुन्छ त्यसबेला उहाँले के गर्नुहुनेछ भनेर पनि उहाँले बताउनुभएको छ। "तिमीबाट के चाहनुहुन्छ" भन्ने शब्द पनि "परमेश्वरले तिमीबाट के खोज्नुहुन्छ" भनेर अनुवाद गर्न सकिन्छ। अर्थात् हामी ख्रीष्टको अनुग्रहले छोपेका मुक्ति पाएकाहरूद्वारा परमेश्वरले के अपेक्षा गर्नुहुन्छ भनेर मनन गर्नु हो। त्यसको जवाफमा हामी एक आर्कासँग र परमेश्वरसँग कसरी सम्बन्ध राख्ने भनेर बताइएको छ। प्रथमतः हामीले जे उचित र न्यायी छ त्यो काम गर्ने प्रवृत्ति हामीमा हुनुपर्छ। जो अन्यायमा परेर निराशको शिकारमा परिरहेका छन् तिनीहरूलाई सहयोग गर्न हामी सक्छौं। अर्को हामीले कृपालाई प्रेम गर्नुपर्छ। आज हामी कठोर तथा निर्दयी संसारमा छौं। कृपालाई प्रेम गरेर र अरूलाई पनि कृपा देखाएर आदर्श जीवन बिताउनु जस्तो प्रभावकारी गवाही अरू के हुन सक्छ र? तेस्रो हामी परमेश्वरको सामु नम्र भएर हिँड्नुपर्छ रे। इजिप्टमा इस्राएलीहरू कसरी वन्धक बनिएर बसेका थिए र तिनीहरूलाई परमेश्वरले कसरी छुटाएर ल्याउनुभयो सो सम्झेर परमेश्वरको सामु नम्र र बफादारी भएर बस्नु कति उचित छ भनेर तिनीहरूलाई उहाँले औँल्याउनुभएको थियो। हामी पनि पापको बन्धकमा परेका तर ख्रीष्टको रगतले मुक्त भएका छौं। के हामी पनि परमेश्वरको सामु नम्र भएर नचल्ने त? क्रुसको वास्तविक मोललाई सम्झेर हामी सधैं परमेश्वरको सामु नम्र भएर हिँड्नु उचित मान्नु पर्दछ।

**चिन्तनमनन:**

अ. आवश्यक परेकाहरूलाई हामीले सेवा गर्न जिम्मेवारी बोक्नुपर्ने कुरालाई लिएर पुरानो करारमा अन्त कहाँ कहाँ उल्लेख गरिएका छन्?

आ. आमोस ५को बिशेष गरेर २१-२४मा आमोसको समयमा धर्मको लुगा लगाउने मानिसहरूको बारेमा कडा शब्दहरू यसरी प्रयोग गरिएको छ "२१ तिमीहरूका धार्मिक चाड़हरूलाई म घृणा गर्दछु, तिमीहरूका सभाहरू म सहन सक्दिनँ। २२ तिमीहरूले मेरो निम्ति होमबलि र अन्नबलि चढ़ाए तापनि म ती ग्रहण गर्नेछैनँ। तिमीहरूले चढ़ाएका सबैभन्दा असल मेलबलिमाथि पनि म परवाह गर्नेछैनँ। २३ तिमीहरूका सङ्गीतहरूको हल्ला मदेखि टाढ़ा राख। म तिमीहरूका वीणाहरूका सङ्गीत सुन्न चाहन्नँ। २४ तर न्यायचाहिँ नदीझैं र धार्मिकता कहिले नसुक्ने खोलाझैं बगिरहोस्!" परमेश्वर आफैले खडा गर्नुभएको धार्मिक विधिहरू भन्दा एक आपसमा कसरी उचित रूपमा व्यवहार गर्नुपर्छ भनेर उहाँले चासो देखाउनुभएको कडा शब्दमा भन्नुभएको थियो। हामी इसाई भएको हैशियतले त्यो अति महत्त्वपूर्ण तथ्यलाई कसरी आत्मसात् गर्ने?

इ. फेरि त्यसै बखत मानिसहरूको भौतिक आवश्यकताको परिपूर्ती गर्न प्रयास गर्ने दौरानमा तिनीहरूको आत्मिक आवश्यकतालाई पनि नपन्छ्याउन हामी कसरी सतर्क हुने? हामीहरूको पहुँचमा रहेका मानिसहरूको आवश्यकताको सेवा गर्ने र तिनीहरूको आत्मिक जीवनप्रति पनि संवेदनशील हुने कुरामा कसरी संतुलनमा राख्ने?